# अनलाईन प्रणाली मार्फत् नागरिक बचतपत्रको दरखास्त पेश गर्ने विधि र तरिका सम्बन्धी विवरण तथा ध्यान दिनुपर्ने विषयहरु

१. नागरिक बचतपत्रको अनलाईन आवेदन फारमको लागि **https://obss.nrb.org.np/saving/** मा **Click** गर्नुपर्नेछ । यस पश्चात् बिक्री खुला गरिएको बचतपत्रको सूचना देखापर्नेछ । सर्वप्रथम आवेदकले अनलाईन **Registration** गर्नुपर्नेछ जसको लागि सूचनामा निर्दिष्ट **Link** मा **Click** गर्नुपर्नेछ । नागरिक बचतपत्रको आवेदन भर्ने सूचना सहितको **Registration / Log In** पेज देखिनेछ ।

२. सूचनामा देखिएको **Apply** मा **Click** गरेपछि देखिने **Log In** पेजमा सर्वप्रथम **Register New Account** मा **Click** गरेपछि **User registration** पेज खुल्नेछ । उक्त पेजमा माग गरिएका सम्पूर्ण विवरणहरु भरी **Register** मा **Click** गर्नुपर्नेछ । **Registration** आवेदनमा निम्नानुसारका विवरणहरु माग गरिएको छ ।

क) User Type : **Normal** (सामान्य): व्यक्तिले आफ्नो नाममा आवेदन भर्न चाहेमा ।

**Minor** (नाबालक): व्यक्तिले नाबालकको हकमा आवेदन भर्न चाहेमा ।
**Joint Or/And** (संयुक्त वा/र): दुई वा दुई भन्दा बढी व्यक्तिको नाममा आवेदन भर्न चाहेमा ।

ख) आवेदकको नाम, ठेगाना, नागरिकता नम्बर, जन्म मिति, फोन नम्बर, मोबाइल नम्बर, ईमेल ठेगाना, बुवाको नाम, आमाको नाम, पति/पत्नीको नाम तथा बाजेको नाम अंग्रेजीमा भर्न सकिनेछ । तर आवेदकको नाम (देवनागरी) मा भने अनिवार्य रुपमा नेपाली यूनिकोडमा भर्नु पर्नेछ । (नेपाली यूनिकोड गुगलबाट डाउनलोड गर्न सकिनेछ ।)

ग) आवेदकले **Username** र **Password** आफूसँग सुरक्षित राख्नु पर्नेछ ।

घ) आवेदकले **User Registration** गर्दा हरेक आवेदकको मोबाइल नंम्बर, इमेल ठेगाना तथा Username फरक/फरक राख्नु पर्नेछ । एकपटक प्रयोग गरिसकिएको मोबाइल नंम्बर, इमेल ठेगाना तथा **Username** पुनः प्रयोग गर्न मिल्नेछैन । यदि सो विवरण मिल्न गएमा **System** ले नै स्वतः **Reject** गर्नेछ ।

ङ) आवेदकले **Username** बिर्सिएमा सोको सट्टा **User Registration** गर्दा भरेको मोबाइल नंम्बर वा ईमेल ठेगाना समेत प्रयोग गर्न सक्नेछ ।

च) **User Registration** गर्दा **Minor** (नाबालक) को हकमा आवेदन दर्ता गरिएको छ भने **Log In** गरेपश्चात् पुनः संरक्षकको विवरण भर्नु पर्नेछ ।

छ) **User Registration** गर्दा **Joint Or/And** (संयुक्त वा/र) को रुपमा आवेदन दर्ता गरिएको छ भने **Log In** गरेपश्चात् **Manage CSB Users** मा **Click** गरी पुनः अन्य व्यक्तिहरुको विवरण भर्नु पर्नेछ ।

ज) आफ्नो **Account** भित्र **Log In** गरेपश्चात् **Manage Documents** मा **Click** गरेपछि आफ्नो नागरिकता तथा माग गरिएका अन्य विवरणहरु **Attach** गरी अनिवार्य रुपमा **Upload** गर्नुपर्नेछ ।

३. **User Registration** गरिसकेपछि आफ्नो **Account** भित्र **Log In** गर्दा बिक्री खुला गरिएको नागरिक बचतपत्रको सूचना देखिनेछ । उक्त सूचनामा **Apply** मा **Click** गरी आवेदन भर्न सकिनेछ ।

४. **Apply** मा **Click** गरेपछि **Submit New Application** मा **Click** गर्नुपर्नेछ । त्यसपछि त्यहाँ माग गरिएको **Portfolio** नम्बर (यस अघि बचतपत्र खरीद गरेको भए उक्त बचतपत्रको शिर्षस्थानमा भएको नम्बर), **Application Type**, **Bank Name** तथा **Bank A/C No** भर्नु पर्नेछ ।

५. आवेदकले खरिद गर्न चाहेको **Amount** (रकम) को **Certificate Quantity** (प्रमाणपत्र थान) भरेपश्चात् आवेदनको तल्लो भागमा स्वतः देखिने कुल प्रमाणपत्र संख्या र कुल रकम रुजु गर्नुपर्नेछ । रकम थप गर्नु परेमा **Add More** मा **Click** गरी थप गर्न सकिनेछ । त्यस पश्चात् स्वःघोषणा पढेर **I Agree** मा **Click** गरेपश्चात् आवेदन **Save** गरी **Submit** गर्न सकिनेछ ।

६. आवेदकले एकपटक आवेदन भरिसकेपछि पुनः भर्नको लागि **Submit New Application** मा **Click** गरी पुनः भर्न सकिनेछ ।

७. आवेदकले आवेदन दिएका बचतपत्रहरुको विवरण **List Submitted Application** मा गएर हेर्न सकिनेछ ।

८. आवेदकले आवेदन भर्दा दिएको बैंक खाता नम्बर गलत भएमा, खातामा पर्याप्त मौज्दात नभएमा, नागरिकता अनुसारको विवरण मिल्न नगएमा वा आवेदन भर्दा अन्य त्रुटिहरु भेटिएमा सम्बन्धित बजार निर्माताले उक्त आवेदन **Reject** गर्न सक्नेछ ।

९. बजार निर्माताले आवेदकको खाता खर्च गरी बचतपत्रको रकम जम्मा गर्दा निजको स्वघोषणाका साथै खाता खर्च गर्ने प्रचलित अख्तियारीको सुनिश्चितता समेत स्वयम् गर्नुपर्नेछ ।